नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विभाग
**केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला**
सामाखुशी, काठमाण्डौ ।

# राष्ट्रियस्तरको शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०७५/०८/२० गते ।

प्रहरी प्रधान कार्यालय, **अपराध अनुसन्धान विभाग केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको** लागि आर्थिक वर्ष २०७५/०७६ मा आवश्यक निम्नानुसारका Kits र Consumables खरिद गर्नुपर्ने भएकाले योग्य आपूर्तिकर्ताहरुले दरभाउपत्र पेश गर्न हुन अनुरोध गरिएको छ ।

| सि.नं. | खरिद गर्ने सामानको नाम | परिमाण | संकेत नम्बर | दरभाउपत्रको मान्य अवधि | बिड बण्ड रकम रु. |
|---|---|---|---|---|---|
| १ | Kits/Consumables for DNA Profiling | १ Package | CPFSL /SQ/01/075/076 | ४५ दिन | १,१९,४००।- |

१. लिखित निवेदन साथ मु.अ.कर दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्र, फर्म वा कम्पनी दर्ता प्रमाणपत्र र आ.व.२०७४/०७५ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा म्यादथपको प्रमाण पेश गरेर मात्र यस कार्यालय बाट तोकिएको दस्तुर बुझाई मिति २०७५।०९।०५ गते कार्यालय समयभित्र दरभाउपत्र कागजात खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्र साथ कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाण्डौको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, ठमेल काठमाण्डौ स्थित **धरौटी खाता नं. ११००२०३** यस **कार्यालयको कोड नं. २७-३१४-१३** मा माथि उल्लेखित बिड बण्ड रकम नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन खुलेको सक्कलै बिड बण्ड जमानत पेश गर्नु पर्नेछ । उक्त बिड बण्डको समयावधी दरभाउपत्रको मान्य अवधी भन्दा ३० दिन बढिको हुनु पर्नेछ ।

३. दरभाउपत्र सम्बन्धी कागजात मिति २०७५।०९।०६ गते १२:०० बजे भित्र केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको आर्थिक प्रशासन शाखामा दर्ता गरी सक्नुपर्नेछ ।

४. शिलबन्दी दर्ता भएका दरभाउपत्र फारामहरु मिति २०७५।०९।०६ गते १३:०० बजे आमन्त्रित सरकारी निकायका प्रतिनिधिहरु, सम्बन्धित दरभाउपत्रदाताहरु वा प्रतिनिधिहरु एवं यस कार्यालयका पदाधिकारीहरुको रोहवरमा खोलिने छ । दरभाउपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

५. दरभाउपत्र सम्बन्धी कागजात खोल्ने दिन सार्वजनिक विदा परेमा सो सम्बन्धी कार्य कार्यालय खुलेको पहिलो दिनको सोही समयमा गरिनेछ ।

६. दरभाउपत्रहरु स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस प्रयोगशालालाई रहनेछ ।

७. दरभाउपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा यस प्रयोगशालाको फोन नं.**०१-४३८०३१०** मा कार्यालय समयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

यो सूचना नेपाल प्रहरीको वेभ साईट **www.nepalpolice.gov.np** मा समेत हेर्न सकिनेछ ।